मोदी गाउँपालिकाको तेस्रो गाउँसभामा

मोदी गाउँपालिकाका अध्यक्ष श्री प्रेम शर्मा पौडेलबाट प्रस्तुत

# आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रम

मोदी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देउपुर, पर्वत

२०७५।३।२२

# मोदी गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को

# प्रस्तावित नीति तथा कार्यक्रम

उपाध्यक्ष ज्यु, प्रमुख प्रशासकीय अधिकृत,

गाउँ सभाका सम्पूर्ण सदस्यज्युहरु, विषयगत शाखाका प्रमुखहरु तथा राष्ट्रसेवक कर्मचारी साथीहरु साथै सञ्चारकर्मी मित्रहरु

१. गाउँको विकास र समृद्धिका लागि गाउँपालिका स्थानीय तहहरु सञ्चालनमा आई संघीय लोकतान्त्रीक गणतन्त्र संघीय, प्रदेश तथा स्थानीय तहदेखि संस्थागत भएको छ । जनमतद्वारा स्थापित भएको गाउँ सभाको **"मोदी गाउँपालिकाका विकासका पाँच आधार : जल विद्युत, कृषि, पर्यटन, पर्यावरण र भौतिक पूर्वाधार"** भन्ने मूल मन्त्रका साथ दोस्रो अधिवेशनमा अध्यक्षका हैसियतले मोदी गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महशुस गरेको छु ।

२. नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले पटक पटक गरेका ऐतिहासिक जनआन्दोलनहरु, जनयुद्ध र मधेश आन्दोलनको क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति सम्मान व्यक्त गर्दछु । वेपत्ता नागरिक प्रति स्मरण गर्दै घाइते र पीडितप्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपालको युगान्तकारी परिवर्तनका लागि भएका राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

३. संवैधानिक व्यवस्था बमोजिम गठन भएको स्थानीय सरकार जनताको त्याग, वलिदान र लामो संघर्षको उपलब्धि हो । संविधानले अंगीकार गरेको संघीय राज्य प्रणालीलाई कार्यमूलक बनाई जनताको सेवा, सुरक्षा, समृद्धि र सुखका लागि मोदी गाउँपालिका प्रतिवद्ध छ । लोकतन्त्रको रक्षा एवम् सुदृढीकरण गर्दै यसको सार्थक प्रयोग गरी संविधानको पूर्ण कार्यान्वयन र संघीयताको कुशलताको साथ व्यवस्थापन गर्न मोदी गाउँपालिका सधैं सकृय र लगनशिल रहनेछ ।

४. संघीय लोकतान्त्रिक बहुदलीय प्रतिस्पर्धात्मक प्रणाली, आवधिक निर्वाचन, शक्ति पृथकीकरणको सिद्धान्त, न्यायपालिका, बहुलबाद र सामाजिक न्याय सहितको

समानुपातिक, समावेशी र सहभागितामूलक शासन व्यवस्था, मानव अधिकार, मौलिक हक र धर्म निरपेक्षता जस्ता लोकतन्त्रका आधारभूत मूल्य मान्यता गरिनेछ । स्थानीय तहको अधिकार सूची भित्रका संवैधानिक व्यवस्था र मौलिक हकको क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

५. हाम्रो गाउँपालिका प्राकृतिक सुन्दरता र सांस्कृतिक विविधताले भरिपूर्ण छ । समाजको उत्पत्ति, वनोट, सभ्यता र संस्कृतिको विकास समेत विविधतापूर्ण छ । यी हाम्रा साझा सम्पत्ति हुन् । यो यथार्थतालाई आत्मसात गरी सामाजिक एवम् साँस्कृतिक समानता र सहिष्णुतामा एकताबद्ध, सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने मोदी गाउँपालिकाले नीति लिएको छ ।

६. सबै प्रकारका वर्गिय, धार्मिक, लैङ्गिक तथा जातिय विभेद, वञ्चितीकरण र असहिष्णुताको अन्त्य गरी समन्यायिक रुपमा समृद्ध समाज निर्माण गर्ने मोदी गाउँपालिकाको नीति हुनेछ । अवसरमा पछि परेका र पछाडि पारिएका समुदाय, क्षेत्र, लिंग र वर्गलाई विकासको मूल प्रवाहमा ल्याउन यस गाउँपालिका दृढ रहेको छ । छुवाछुत प्रथा जस्तो मध्यकालीन सामन्ती सोच र विचारलाई बदल्न गाउँपालिकाले जागरणमूलक कार्यक्रमहरु विभिन्न सामाजिक संघसंस्थाहरुको सहयोग सञ्चालन गर्नेछ । यसलाई सामाजिक अपराधको दायराभित्र ल्याउन गाउँपालिका प्रतिबद्ध छ ।

७. हामी सुशासन, विकास निर्माण र आर्थिक समृद्धिका लागि सहमतिका साथ अघि बढ्ने प्रतिबद्ध रहेका छौं । यो प्रतिबद्धता पुरा गर्न गाउँपालिका सबै राजनैतिक दल, नीजि क्षेत्र, नागरिक समाज र सञ्चार जगतको साथ एवम् सहयोगको लागि आव्हान गर्दछौं । हामी निरन्तर रुपमा नागरिकसंग अन्तर सम्बाद गर्दै अधिकार सम्पन्न र सक्षम गाउँपालिका बनाउन चाहन्छौं । मोदी गाउँपालिकाका विभिन्न वडाहरुमा गठित टोल विकास सँस्थाहरुको संस्थागत विकास र उनीहरुको योजना तर्जुमा, कार्यान्वयन, सूशासन र सामाजिक विकास सम्बन्धी क्षमता विकास तथा सञ्चालनका लागि क्षमतावान बनाईनेछ ।

८. गाउँपालिकाको विकास र समृद्धि हासिल गर्न नागरिक अधिकार, सबैलाई समान अवसर, मजवुत सुरक्षा र सम्मान सहितका स्तम्भमा आबद्ध गराउँदै सबल र समृद्ध गाउँपालिका निर्माण गरी ***समृद्ध नेपाल, सुखी नेपाली*** को राष्ट्रिय अभियानलाई अनुभूत देखिने गरी सार्थक बनाउने छौं ।

९. हाम्रो विकास प्रतिको सकारात्मक सोचले आर्थिक र सामाजिक क्षेत्रमा रुपान्तरण ल्याउनेछ । दिगो विकास लक्ष्यहरु र समृद्धिका आधारलाई पूरा गर्ने विकास नीति, कानून, संस्था, जनशक्ति, स्रोत र साधन, सहभागिता, सेवा प्रवाह, अनुगमन र मूल्याङ्कनका क्षेत्रमा ध्यान दिइनेछ । वर्तमान पुस्ताले नै अनुभूत गर्ने गरी विकास र समृद्धि हासिल गर्ने तर्फ केन्द्रित हुने नीति तर्जुमा गरिनेछ ।

१०. सार्वजनिक, नीजि र सहकारी तथा सामुदायिक क्षेत्रको सहभागितामा विकास गर्न नवप्रवर्द्धक र प्रगतिशील नीतिको कार्यान्वयनमा जोड दिइनेछ । अर्थतन्त्रलाई उत्पादनमूखी, रोजगारी प्रवर्द्धन, आत्मनिर्भर र निर्यातमूलक बनाउन सबै प्रकारका उपलब्ध स्रोत साधनको दिगो व्यवस्थापनबाट उत्पादन र उत्पादकत्वमा बृद्धि गरी सबै क्षेत्रका न्यूनता र अभावलाई क्रमशः कम गर्दै लगिनेछ ।

११. समाजबाद उन्मुख अर्थव्यवस्थाको लक्ष्य र उद्देश्य हासिल गर्नका लागि यो नीति तथा कार्यक्रमले मार्गनिर्देश गर्नेछ । आर्थिक विकासमा सहभागी हुने, योगदान गर्ने र प्रतिफल प्राप्त गर्ने अवसर गाउँपालिकाभित्रका सबै नागरिकलाई समन्यायिक रुपमा उपलब्ध गराईनेछ ।

१२. मानव अधिकारको सम्मान एवम् सम्वर्द्धन गरिनेछ । नेपाल सरकार पक्ष भएका मानव अधिकारसंग सम्बन्धित प्रतिबद्धताको पूर्ण कार्यान्वयन तथा पालना गरिनेछ । दिगो शान्ति, सुशासन, विकास र समृद्धिका जनअपेक्षालाई सम्बोधन गरिनेछ ।

१३. सवल र समृद्ध गाउँपालिका निर्माण गर्नका लागि आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रमले संवैधानिक व्यवस्था, स्थानीय तहको अधिकार सूची, नेपालले अन्तर्राष्ट्रिय स्तरमा जनाएको दिगो विकास लक्ष्यहरु, संघीय आर्थिक नीति र प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ मा लिएका नीति तथा कार्यक्रमलाई मार्गदर्शनको रुपमा लिइएको छ । यो आर्थिक वर्षलाई मोदी गाउँपालिकाले सुदृढ व्यवस्थापनका लागि ***आर्थिक संमृद्धिको पहिलो वर्ष*** को रुपमा कार्यान्वयन गरिनेछ ।

**गाउँ सभाका सदस्य ज्यूहरु**

**<u>गाउँपालिकाका समृद्धिको आधार र लगानी मैत्री वातावरण</u>**

१४. गाउँपालिकामा लगानी मैत्री वातावरणको सिर्जना गरिनेछ । उर्जा, पर्यटन, कृषि, वन, उद्योग र भौतिक पूर्वाधार विकासलाई आर्थिक समृद्धिको इन्जिनको रुपमा विकास गरिनेछ । साथै उच्च र तत्काल आर्थिक प्रतिफल प्राप्त हुने क्षेत्रमा नीजि र सहकारी क्षेत्रको लगानीलाई प्रोत्साहित गरिनेछ । नेपाल सरकारको पूर्व स्वीकृतिमा प्राप्त हुने विकास सहायता र संघ संस्थाहरुको लगानीलाई यस क्षेत्रमा उपयोग गरिनेछ ।

१५. गाउँपालिकामा आर्थिक सामाजिक रुपान्तरणका लागि लगानी केन्द्रीत गरिनेछ । गाउँपालिकाको विकास र समृद्धिका प्रमुख लक्ष्यहरु निर्धारण गरिएको छ । आगामी पाँच वर्षभित्र बहुआयामिक गरिवी घटाउने नीति र गाउँपालिकाको आयलाई बृद्धि गर्ने, कृषि उत्पादनलाई बृद्धि गर्ने, गाउँपालिकाका गौरवका आयोजना गर्ने, गाउँपालिकाभित्र बहुउपयोगी सम्मेलन केन्द्र र खेलमैदान निर्माणको लागि सम्भाव्य स्थान छनौट गर्ने तथा वडा स्तरिय खेल मैदान निर्माणलाई प्राथमिकता दिइनुका साथै खेलकुदमा संलग्न युवा क्लवहरुलाई सहयोग गरिनेछ, नमूना युवा संसद सञ्चालनका लागि कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याईनेछ, मोदी गाउँपालिकामा पच्चीस शैयाको सामुदायिक अस्पताल निर्माणको थालनी गर्ने, मोदी चक्रपथको शुरुवात गर्ने, आन्तरिक र विदेशी पर्यटक भित्र्याउन वातावरण सृजना गर्ने, गाउँपालिकामा पार्कको निर्माणको लागि सम्भाव्यता अध्ययन गर्ने, केन्द्रबाट वडाका केन्द्रसम्म स्तरिय सडक सञ्जाल पुऱ्याउने । नीजि क्षेत्र समेतको लगानीमा ऊर्जा उत्पादनलाई बढाउने, शिक्षा र स्वस्थ्यको क्षेत्रमा सुधार ल्याउने गरी लगानी बढाईनेछ । साथै आगामी दुई वर्षभित्र हरेक घरधुरीमा खानेपानी तथा विद्युत सुविधा पुऱ्याउने । गाउँपालिकाको आर्थिक क्रियाकलापको बिस्तारबाट आगामी पाँच वर्षभित्रमा झण्डै ६ हजार स्वरोजगारी सृजना गरिने नीति लिएको छ ।

१६. गाउँपालिका भित्रका विज्ञहरुको बीचबाट गाउँपालिका योजना आयोगको गठन गरी कार्यान्वयनमा ल्याइनेछ ।

## अर्थतन्त्रको आधारः पर्यटन पूर्वाधार

१७. पर्यटन क्षेत्रको एकिकृत विकास गर्न स्पष्ट कार्ययोजना सहितको पर्यटन विकास गुरुयोजना तयार गरिनेछ ।

१८. जैविक र सांस्कृतिक विविधता एवम् प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस गाउँपालिकाभित्र रहेका पर्यटकीय गन्तव्यको पहिचान, विकास र सम्बर्द्धन गर्दै पर्यटन उद्योगको प्रवर्द्धन गरिनेछ । पदयात्रा, हिमश्रृंखलाको अवलोकन, कृषि पर्यटन जस्ता कार्यक्रमलाई जोड दिइनेछ । पर्यटकीय आकर्षणका लागि विभिन्न साहसिक पर्यटकीय खेलको सम्भाव्यता अध्ययन गरिनेछ ।

१९. प्रदेश सरकारसंगको सहकार्यमा मोदी ८ चित्रेमा एक वौद्ध पार्क स्थापना गर्ने कार्य थालिनेछ ।

२०. धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थलको संरक्षण र पूर्वाधारको विकास गरिनेछ । पर्यटकीय पूर्वाधारको विकास निर्माण गर्दा वातावरणीय संरक्षण गर्ने नीति लिइनेछ ।

२१. पर्यटन व्यवसायको विविधीकरण र विस्तारबाट नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा बृद्धि गर्दा पर्यापर्यटन र ग्रामीण पर्यटनमा जोड दिइनेछ । कम्तिमा ८ वटा गाउँलाई नमूना पर्यटकीय गाउँको रुपमा विकास गरिनेछ ।

२२. विभिन्न ग्रामीण पर्यटन केन्द्र, होमस्टे, पदयात्रा मार्गलाई संरक्षण, सम्बर्द्धन सौन्दर्यीकरण र विकास गर्दै पर्यटकीय गन्तव्यको प्रवर्द्धन गरिनेछ ।

२३. पर्यटन व्यवसायको बजारिकरण गर्न आधुनिक सूचना प्रविधिको उपयोग गरिनेछ । पर्यटकका लागि आवश्यक पर्ने सेवा र सूचनाको प्रवाह गर्न पर्यटन सेवा सूचना केन्द्रको स्थापना गर्दै लगिनेछ ।

२४. जलजला र रतीखोलामा ताल निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन तयार गरिनेछ ।

## उज्यालो गाउँपालिकाका लागि उर्जा विकास

२५. संघ, प्रदेश, गाउँपालिका र नीजि क्षेत्रको सहभागितामा जल विद्युत उत्पादनलाई प्राथमिकता दिइनेछ ।

२६. गाउँपालिकाका सबै नागरिकमा विद्युतको पहुँच पुऱ्याउन जलविद्युत तथा वैकल्पिक ऊर्जाको माध्यमबाट उज्यालो गाउँपालिका कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ । आगामी दुई वर्षभित्र विद्युतको पहुँच नपुगेका घरधुरीहरुमा वर्षै भरी विद्युत सेवा पुऱ्याइनेछ ।

२७. संघ र नीजि क्षेत्रको सहकार्यमा सार्वजनिक नीजि साझेदारी कार्यक्रम विद्यालयहरु, वडा केन्द्रहरु, शैक्षिक संस्थाहरु, स्वस्थ्य संस्थाहरुमा सौर्य ऊर्जाको प्रयोग गर्ने नीति लिइनेछ ।

२८. गाउँपालिकाको आर्थिक बृद्धिको संवाहकको रुपमा रहेको कृषि क्षेत्रको विकास गरी गाउँपालिकाको आयमा बृद्धि गरिनेछ । साथै गाउँपालिकालाई कृषि र पशु क्षेत्रमा हुने उत्पादनका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

<u>कृषि, पशुपालन, फलफुल खेती र सिंचाई समृद्धिको उचाई</u>

२९. कृषि र पशुपंक्षी उत्पादनलाई दोब्बर गर्नका लागि कृषि क्षेत्रको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति, रणनीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

३०. कृषि र पशुपंक्षी उत्पादनमा आत्मनिर्भर हुने नीति अन्तर्गत कृषि तथा पशुपंक्षीजन्य आनुवांशिक स्रोत एवम् जैविक विविधताका संरक्षण, सम्वर्द्धन तथा सदुपयोग गर्दै जलवायुमैत्री कृषि प्रविधीको विकास र विस्तार गरिनेछ ।

३१. दुध, अण्डा, माछा, मासु, सुन्तला, अदुवा र अलैचीलाई उत्पादन बृद्धि गर्न गाउँपालिका र अन्य सहयोगीहरु विच साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

३२. कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषक समूह, कृषि उद्यमी, कृषि कम्पनी र कृषि सहकारीलाई कृषि आय र प्रतिफलका आधारमा प्रोत्साहन गरिनेछ ।

३३. सार्वजनिक नीजि साझेदारीमा एक वडा एक नमूना व्यवसायिक कृषि तथा पशु विकास कार्यक्रम र एक गाउँ एक उत्पादन कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ ।

३४. गरीवी न्यूनीकरण र रोजगारी सृजनाका लागि गाउँपालिकामा नमूनाको रुपमा वातावरण मैत्री कृषि गाउँ कार्यक्रम सञ्चालन गरिनेछ ।

३५. पर्यटन सेवाका लागि आबश्यक पर्ने अर्गानिक उत्पादन, जडीबुटी खेती, संकलन र प्रशोधन उद्योगको स्थापना गर्ने नीति लिइनेछ ।

३६. कृषिको व्यवसायीकरण, यान्त्रिकरण रउत्पादनको आधारमा तयार गर्न मूल्यश्रृंखलाका कृषि, जडीबुटी तथा पशुपंक्षी व्यवसाय परियोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

३७. कृषि र पशुपालनमा नमुना व्यवसायिक फर्म सञ्चालन गरिनेछ । युवा कृषकलाई कृषिमा आकर्षित गर्न उत्प्रेरित गरिनेछ । विपन्न वर्गको उत्थान र लक्षित समूहलाई सहयोग हुने कृषि तथा पशु विकास कार्यक्रमलाई जोड दिइनेछ ।

३८. कृषकको हक हितको संरक्षण, खाद्य सम्प्रभूतामा जोड दिइनेछ । साथै कृषकका लागि कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँच सुनिश्चितताका लागि पूर्वाधार तयार गरिनेछ ।

३९. कृषि तथा पशु उत्पादनका प्रविधि र उपजको गुणस्तर मापदण्ड तर्जुमा गरी नियमनको व्यवस्था गरिनेछ । प्रदेश सरकारसंगको सहकार्यमा कृषकलाई बाली र पशुपंक्षी विमा गर्नका लागि प्रोत्साहित गरिनेछ ।

४०. सार्वजनिक नीजि साझेदारीको अवधारणामा व्यवसायिकरुपमा उत्पादन हुने वाली र वस्तुको अध्ययन अनुसन्धान कार्यको थालनी गरिनेछ ।

४१. मोदी गाउँपालिकामा एक शीत भण्डार र एक कृषि उपज बजार निर्माण गर्ने नीति लिइनेछ ।

४२. कृषि बजारमा रहेका बिचौलिया प्रवृत्तिको अन्त्य गरी कृषि उत्पादनमा कृषक र उपभोक्ताको सीधा सम्पर्कको लागि विकास गरिनेछ ।

४३. गाउँपालिका स्तरका सिंचाई आयोजनाको पहिचान गरी निर्माणमा जोड दिइनेछ । नगदेवाली उत्पादनमा टेवा पुग्ने सिंचाइ आयोजनालाई विशेष प्राथमिकता दिइनेछ । गाउँपालिकाभित्रका फाँटहरुमा व्यवसायिक कृषिलाई प्रोत्साहन गर्नका लागि सौर्य ऊर्जा एवम् आधुनिक प्रविधिमा आधारित सिंचाई प्रणालीको विकासमा जोड दिइनेछ ।

४४. कृषि उत्पादनमा बृद्धि गर्न परियोजनाका आधारमा साना र नयाँ प्रविधिमा आधारित सिंचाईमा पूँजीगत अनुदान उपलब्ध गराइनेछ ।

४५. गाउँपालिकाको भू उपयोग नीति ल्याइनेछ । सरकारी, सार्वजनिक, ऐतिहासिक सम्पदा र धरोहरका जग्गाको संरक्षणमा जोड दिइनेछ । जग्गा उकास कार्यक्रम सञ्चालन गरी कृषि व्यवसायमा प्रयोग गरिनेछ ।

४६. जग्गाको खण्डीकरण र बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न चक्लाबन्दीमा आधारित खेती प्रणालीमा जोड दिइनेछ ।

४७. सहकारी एवम् सामुहिक खेती प्रणालीको नीति अवलम्वन गरिनेछ । सहकारी संस्थामा रहेको बचतलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न एक सहकारी एक नमूना उत्पादन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

४८. सहकारीको अनुगमन निरीक्षण, सहकारी सचेतना, सहकारी शिक्षा तथा तालिम, उद्यमशीलता र नेतृत्व विकास गरी सहकारीलाई गाउँपालिका समृद्धिका लागि वित्तीय लगानी कर्ताको रुपमा प्रबर्द्धन गरिनेछ ।

४९. गरीव, उत्पीडित, विपन्न वर्ग र समुदायको आयआर्जनका लागि युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ । स्वरोजगारमूलक उद्योग एवम् व्यवसाय स्थापना गर्न आवश्यक पर्ने अनुदान र सीपमूलक तालिम प्रदान गरिने व्यवस्था मिलाईनेछ ।

गाउँसभाका सदस्य ज्यूहरु

## रोजगारी अभिबृद्धिका लागि औद्योगिकीकरण

५०. मोदी गाउँपालिकामा उद्यम ग्राम स्थापनाका लागि जग्गाको सम्भाव्यता अध्ययन गरिनेछ ।

५१. उत्पादन बृद्धि, रोजगारी सृजना र गरीवी न्यूनीकरणमा टेवा पुऱ्याउने साना तथा मझौला उद्योगमा विशेष जोड दिइनेछ । परम्परागत ज्ञान, स्थानीय सीप, प्रविधि र कच्चा पदार्थमा आधारित घरेलु साना तथा लघु उद्योगलाई प्रवर्द्धन गर्ने नीति अवलम्वन गरिनेछ । औद्योगिक उत्पादनमा बृद्धि गरी उपभोग्य वस्तु तथा सेवामा क्रमशः आत्मनिर्भर हुने नीति लिइनेछ ।

५२. स्थानीयस्तरमा उत्पादित वस्तु तथा सेवाको उपभोगलाई प्राथमिकता र प्रोत्साहन दिइनेछ ।

५३. गाउँपालिकामा रहेका खानी तथा खनिज पदार्थको अन्वेषण, उत्खनन, प्रशोधन र प्रयोगमा जोड दिइनेछ ।

५४. नदीनाला, तालतलैया, वन जंगल, जडीबुटी, खनिज स्रोतको बहुआयामिक प्रयोग र दिगो व्यवस्थापन गर्दै उत्पादन बृद्धि, रोजगारी सृजना र आयआर्जन बृद्धिमा जोड दिइनेछ ।

५५. गाउँपालिकाभित्र विशेष आर्थिक क्षेत्रहरुको पहिचान गर्ने कार्य यसै वर्षबाट थालनी गरिनेछ ।

५६. युवा लक्षित कोषबाट युवा उद्यमशीलताका कार्यक्रम सञ्चालन गरिनेछ ।

५७. अत्यावश्यक सेवा तथा वस्तु सहज, सुलभ र नियमित रुपमा उपलब्ध गराउन सार्वजनिक, नीजि तथा सहकारी क्षेत्रलाई सहभागी गराउदै उपभोक्ता हित संरक्षण तथा प्रवर्द्धन गरिने व्यवस्था मिलाइनेछ ।

५८. मोदी गाउँपालिकाभित्र उपभोग हुने खाद्यवस्तुको गुणस्तर परिक्षण गर्नका लागि अध्ययन शुरु गरिनेछ ।

५९. मोदी गाउँपालिकाभित्र एक पेट्रोल पम्प सञ्चालनका लागि नीजि क्षेत्रलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

६०. मर्यादित र समान कामको समान पारिश्रमिकको अन्तर्राष्ट्रिय प्रतिवद्धता कार्यान्वयन गर्दै हरेक क्षेत्रमा रहेका श्रमिकको सीप र दक्षतालाई मापन गरी सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ ।

<u>वन तथा वातावरणः</u>

६१. वन व्यवस्थापनको नीतिगत, कानूनी र संरचनागत व्यवस्था मिलाइनेछ । कवुलियती र नीजि वन विकास कार्यक्रमलाई व्यापक र सरल बनाइनेछ । वन संरक्षण, दिगो व्यवस्थापन तथा उपयोग र स्वच्छ वातावरणको लागि समुदायमा आधारित वन व्यवस्थापनमा जोड दिइनेछ ।

६२. वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन बृद्धि गर्न *समृद्धिका लागि वन* कार्यक्रम लागु गरिनेछ । जडीबुटी, कृषि वन तथा गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती र उत्पादन बृद्धिलाई प्रोत्साहन गरिनेछ ।

६३. जडीबुटी पहिचान, संकलन र बजार प्रवर्द्धन एवम् प्रशोधन गर्ने पहल गरिनेछ ।

६४. प्रदेशको सहकार्यमा गाउँपालिका स्तरिय एक वायोलोजिकल उद्यनको स्थापना गरिनेछ ।

६५. गाउँपालिकाभित्र रहेका तालतलैया नदी र खोलाहरुबाट हुने जोखिम न्यूनीकरण गर्नका लागि मोदी एकिकृत जलधार संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

६६. जलवायु अनुकूलित गाउँपालिका प्रदुषण न्यूनीकरण र दिगो विकासका लागि वातावरणमैत्री नीति लिइनेछ ।

६७. प्राकृतिक स्रोतको उपयोग र व्यवस्थापनको कानून र मापदण्डका आधारमा अनियन्त्रित र अवैध दोहनलाई नियन्त्रण र नियमन गरिनेछ ।

६८. ***सफा वातावरण, स्वच्छ जीवन*** कार्यक्रमलाई प्रदेश सरकारसंग समन्वय गरी अभियानको रुपमा अगाडी बढाइनेछ । स्वच्छ र हरियाली वातावरणका लागि सार्वजनिक स्थलमा बृक्षारोपण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

<u>गुणस्तरिय भौतिक पूर्वाधार, गाउँपालिका विकासको आधारः</u>

६९. सडक यातायात र भौतिक पूर्वाधार विकासका क्षेत्रगत रणनीति तयार गरी अल्प, मध्य र दीर्घकालीन भौतिक पूर्वाधारका मापदण्ड सहितको योजना निर्माण हुनेछ ।

७०. संघ र प्रदेश सरकारसंगको साझेदारीमा गाउँपालिका केन्द्रबाट वडा केन्द्रसम्म पुग्ने सडकलाई ५ वर्षभित्र कालोपत्रे सडक बनाउने नीति लिइएकोछ । सडकहरुको स्तरोन्नती गरी वर्षमा एक वटा सडकलाई व्यवस्थित गर्दै जाने नीति लिईने छ ।

७१. गाउँपालिका स्तरीय सडकमा वर्षै भरी यातायात संचालन गर्न सडकको स्तरोन्नती र सडक पुलको निर्माणलाई प्राथमिकता दिईनेछ । दुर्गम गाउँ बस्तीमा पहुँच पुऱ्याउन झोलुङ्गे पुल निर्माणमा जोड दिईने छ ।

७२. गाउँपालिकाभित्रका नदी नियन्त्रण तथा पहिरो रोकथाममा जोड दिईनेछ । विकास निर्माणका आयोजनाहरु निर्माण गर्दा ती आयोजनाहरुले उत्पन्न गर्ने वातावरणीय प्रभाव, जोखिम, सम्भावित नोक्सानीहरुको अध्ययन पश्चात मात्र आयोजनाहरु कार्यान्वयन गर्ने नीति अवलम्बनमा जोड दिइनेछ ।

७३. अति विपन्न र सीमान्तकृत वर्गका लागि सुरक्षित आवासको विकास गरिनेछ । अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, जोखिममा रहेका बालबालिका तथा

व्यक्तिका लागि सामाजिक सुरक्षाको व्यवस्था गर्ने , भूमिहीनहरुको व्यवस्थापनको लागि कार्यक्रम बनाउने नीति लिईने छ । दलित वस्ती तथा दलितका बालबालिकाको बाहुल्यता रहेका विद्यालयहरुलाई विशेष सहयोग गरिनेछ ।

७४. प्रदेश र संघीय सरकार संग समन्वय र सहलगानीमा आवासीय प्रयोजनको लागि जग्गाको सुनिश्चिता ल्याउन एकीकृत जग्गा विकास कार्यक्रमको एकीन गर्ने कार्य यसै वर्षबाट गरिनेछ ।

७५. स्थानीय मोदी गाउँपालिका भवन निर्माण संहिता तथा मापदण्ड बनाई कार्यान्वयनमा ल्याईने छ । स्थानीय बास्तुकलाको जगेर्ना र प्रवर्द्धन गरी भवन निर्माणमा वातावरणमैत्री र नबीन सामाग्री तथा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ । सरकारी भवनलाई एकीकृत, पहिचान युक्त र आधुनिक सुविधा सम्पन्न हुने गरी डिजाईन गरिनेछ ।

<u>विज्ञान तथा प्रविधि :</u>

७६. समाजसेवा, शैक्षिकसेवा, राष्ट्रसेवामा उत्कृष्ट कार्य गर्नेलाई प्रोत्साहन गरिनेछ ।

७७. मोदी गाउँपालिकामा निजीक्षेत्र संगको सहकार्यमा एफ.एम. रेडियो संचालन गर्ने नीति लिईने छ ।

**गाउँसभाका सदस्यज्यूहरु**

<u>सामाजिक क्षेत्रको विकास</u>

७८. सीपयुक्त जनशक्ति उत्पादनको लागि प्राविधिक तथा व्यवसायिक शिक्षाको लागि गाउँपालिका क्षेत्र भित्र प्राविधिक विद्यालय स्थापना भइसकेको छ । त्यसलाई निरन्तरता दिने कार्य गरिनेछ ।

७९. औपचारीक शिक्षाको पहुँचमा समावेश नभएकालाई आगामी दुई वर्ष भित्र गाउँपालिका भित्रका ब्यक्तिहरुलाई शैक्षिक कार्यक्रमहरु संचालन गरी शिक्षा विकासमा जोड दिईनेछ ।

८०. मोदी गाउँपालिकाको केन्द्रमा सार्वजनिक पुस्तकालय स्थापना गर्ने नीति लिईनेछ ।

८१. विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्न गाउँपालिकालाई सबलीकरण गरिनेछ । शिक्षकको सिकाई सीपमा सुधार ल्याउन तालिम र विद्यार्थीको सिकाई परिक्षण गर्ने व्यवस्था गरिनेछ । वडा नं. ६ मा सञ्चालित श्री नव जागृत बहुमूखी क्याम्पसलाई थप व्यवस्थित गर्ने र त्यसको सम्पत्तिलाई संरक्षण साथै उक्त स्थानमा देखिएको घर घडेरीको समस्यालाई समाधान गर्न स्थानीय बासीहरु क्याम्पस, राजनीतिक दलहरु सम्बद्ध सबै सरोकारवालाहरुको सहयोग लिई समस्या समाधानका उपायहरुको खोजी गरि लामो समयदेखि समस्याको रुपमा रहेको विषयलाई समाधान गर्ने नीति लिइनेछ ।

८२. गाउँपालिकाबाट प्रदान गरिने स्वास्थ्य सेवालाई पहुँचयोग्य, गुणस्तरीय र सेवामुलक बाउन नीति, कानून, मापदण्ड र नियमनको व्यवस्था गरिनेछ ।

८३. आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुँच पुऱ्याउन संघ र प्रदेशको सहकार्यमा गाउँपालिकामा पच्चीस शैयाको अस्पताल स्थापना गरिने छ र वडा तहमा रहेका स्वस्थ्य संस्थाहरुको भवन निर्माण कार्यका लागि माथिल्ला सरकारहरुसंग समन्वय गरिनेछ ।

८४. स्वास्थ्य संग सम्बन्धित सुरक्षीत मातृत्व तथा नव शिशु सम्बन्धी कार्यक्रम प्रदेश र संघको सहकार्यमा स्वास्थ्य विमा कार्यक्रमलाई अभियानकै रुपमा विस्तार गरिनेछ । आर्थिक अभावका कारण स्वास्थ्य उपचार सेवा पाउन नसकेका अपाङ्ग, असहाय, अशक्त, गर्भवती, सुत्केरी, जेष्ठ नगरिक र विपन्न वर्गको उपचारको लागि मापदण्ड बनाईनेछ । मुटु तथा क्यानसर जस्ता रोगहरुबारे सचेतना कार्यक्रमहरु र उपचारका लागि शिविर सञ्चालन गरिने छ ।

८५. संघ र प्रदेश संगको सहकार्यमा अति विपन्न, गर्भवती महिला, शिशु बालबालिकाको पोषण स्थितीमा सुधार ल्याउन बहुपक्षीय पोषण सुधार कार्यक्रम समन्वयात्मक रुपमा संचालन गरिनेछ ।

८६. नागरिकको स्वास्थ्यमा प्रतिरोधात्मक र निरोधात्मक क्षमता सुधार गर्न महिला, शिशु र बालबालिकालाई पूर्ण खोपको प्रत्याभुती दिनको लागि खोप कोषबाट कार्यक्रम संचालान गरिनेछ ।

८७. संघ, प्रदेश, निजी क्षेत्र र सामाजिक संघ संस्थाको समन्वय र सहकार्यमा विद्यालय शिक्षा, स्वास्थ्य शिविर, प्रशिक्षण, योगा जस्ता कार्यक्रमलाई अभियानकै

रुपमा संचालन गरिनेछ । साथै विषादी रहित खाद्य, व्यायाम, नियमित स्वास्थ्य परिक्षण, प्रजनन् स्वास्थ्य बारे चेतना अभिबृद्धि गरिनेछ ।

८८. आयुर्वेद चिकित्सा पद्धतिमा प्रयोग हुने जडीबुटी संरक्षण, उत्पादन, प्रबर्द्धनको कार्यक्रम संचालन गरिनेछ ।

८९. विभिन्न अस्पतालहरुको सहकार्यमा टेलिमेडिसिन कार्यक्रम संचालन गरिनेछ ।

९०. स्वास्थ्य संस्थाहरुका लागि अनुकरणीय र उदाहरणीय स्वास्थ्य सेवा दिने संस्थालाई आवश्यकताको आधारमा मेशिनरी उपकरणका लागि पूँजीगत अनुदान दिईनेछ र डिमुवा पातिचौरबाट एम्बुलेन्स सेवा सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

९१. संघ, प्रदेशको सहकार्यमा स्वास्थ्य परिवार र शुखी नेपालीको लागि धुमपान तथा मद्यपान प्रयोगको मापदण्ड बनाई नियमन गरिनेछ ।

९२. संघ र प्रदेशको समन्वयमा आगामी ४ वर्षमा खानेपानी नपुगेका गाउँ बस्तीमा आधारभूत खानेपानीको सूविधा पुऱ्याउन प्राथमिकता दिईनेछ ।

९३. प्रदेश तथा संघको सहकार्यमा एक घर एक धारा कार्यक्रम संचालन गर्न र स्वच्छ खानेपानीको पहुँच अभिबृद्धीका लागि लागत सहितको गुरुयोजना तयार गरिनेछ ।

९४. गाउँपालिका केन्द्र पातिचौर क्षेत्रमा रहेका वडा नं. ६ र ५ को बजार क्षेत्रलाई आगामी ३ वर्ष भित्रमा स्वच्छ खानेपानी पुऱ्याउन व्यवस्था मिलाईने छ ।

९५. गाउँपालिकाबाट सफा र सभ्य गाउँपालिकाको रुपमा विकास गर्न संघ र प्रदेशसंगको सहकार्यमा स्यानिटरी ल्याण्डफिल्ड साईटको निर्माण कार्य सम्पन्न गरिनेछ । साथै सबै वडासंग सहकार्य गरी सार्वजनिक शौचालय र उद्यान निर्माण तथा शहरी सौन्दर्यतामा बृद्धि ल्याउने नीति ल्याईनेछ ।

९६. आगामी ४ वर्ष भित्र मोदी गाउँपलिकालाई बालमैत्री घोषणा गरिनेछ ।

९७. प्रदेश सरकारको सहकार्यमा अपाङ्गता सम्वन्धी नीति तर्जुमा गरिनेछ । अपाङ्गता भएको व्यक्तिका लागि शिक्षा, स्वास्थ्य, सुरक्षा, सीप विकास र क्षमता अनुसारको स्वाबलम्वनमा आधारित रोजगारीमा प्रदान गर्ने वातावरण मिलाईनेछ ।

९८. गाउँपालिका भित्र निर्माण हुने अस्पताल, शिक्षण संस्था र सबै किसिमका सार्वजनिक पूर्वाधारहरु अपाङ्गमैत्री र बालमैत्री बनाईनेछ ।

९९. आर्थिक स्रोत र सधानमा पहुँच पुर्‍याई विपन्न तथा अति विपन्न परिवारको जीवनस्तरलाई उकास्ने नीति लिईनेछ

१००. हिंसा पिडित महिला तथा बालबालिकाहरुलाई सहयोग गर्ने नीति लिइनेछ ।

१०१. महिला तथा बालबालिकामा हुने घरेलु हिंसा, लैङ्गिक हिंसा, श्रम शोषण, बालविवाह, मानव वेचविखन, शारीरिक तथा मानसिक यातना लगायतका सबै खाले हिंसाको अन्त्यको लागि कार्यक्रम संचालन गरिनेछ । सार्वजनिक स्थानमा हुने हिंसा र घरेलु हिंसा नियन्त्रण गर्ने कानुन अनुसारका उपायहरु अवलम्बन गरिनेछ ।

१०२. सहिद, वेपत्ता योद्धा परिवार एवं घाइते, अपाङ्गता भएका व्यक्ति र परिवारलाई सामाजिक संरक्षणका कार्यक्रममा प्राथमिकता दिइनेछ ।

१०३. संघ र प्रदेश संगको सहकार्यमा हिंसा पिडित महिला, बेवारिसे र श्रमिक बालबालिकाको व्यवस्थापनका लागि पुनर्स्थापना केन्द्र स्थापना गरी संचालनमा ल्याउन आवश्यक कार्य शुरु गरिने छ र अर्को वर्षबाट उक्त कार्यक्रम लागु हुनेछ ।

१०४. गाउँपालिका स्तरमा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैरसरकारी संस्थाबाट संचालन हुने सबै कार्यक्रमलाई गाउँपालिकाबाट स्वीकृति दिई, पारदर्शी, दिगो र जनताको हितमा हुने गरी संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१०५. जेष्ठ नागरिका लागि आश्रयस्तल र दिवा सेवा केन्द्र स्थाना गर्ने कार्य यसै वर्ष शुरु हुनेछ । जेष्ठ नागरिकले हासिल गरेका अनुभव, ज्ञान र सीपको उपयोग र पुस्तान्तरण गर्ने नीति लिइनेछ ।

१०६. युवालाई राष्ट्र र गाउँको विकास एवं समृद्धि प्रति जिम्मेवार कर्तव्यबोध र नैतिकवान बनाउन युवा नीति ल्याइनेछ ।

१०७. वातावरण संरक्षण,गाउँ बस्ती सफाई एवं विपद व्यवस्थान र गाउँपालिका सेवा तथा कार्यमा युवा स्वयंसेवकको परिचालन गरिनेछ ।

१०८. संघ र प्रदेशको सहलगानीमा एक खेल मैदान निर्माण गरिनेछ ।

१०९. गाउँपालिकाको इतिहास, धर्म, संस्कृति, भाषा लिपिको महत्व झल्काउने संग्रहालय स्थापना गरिनेछ ।

११०. गाउँपालिकाको मान, सम्मान, प्रतिष्ठा र गरिमा वृद्धि हुने गरी अनुकरणीय योगदान गर्ने नागरिक, स्रष्टा, संस्था एवं विभिन्न क्षेत्रका व्यक्तित्वहरुलाई उच्च सम्मानका साथ पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

## वित्त तथा वित्तीय क्षेत्र

१११. गाउँपालिकाको दीर्घकालिन राजश्व नीति तर्जुमा गर्दै राजस्वका स्रोत पहिचान गरी राजस्वको आधार र दायरा विस्तार गर्ने नीति लिइनेछ । आन्तरिक स्रोत परिचालन वृद्धिमा जोड दिइनेछ । सहकारी, विभिन्न संघ संस्था र कोषमा निष्कृय रहेको रकमलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरिनेछ ।

११२. गाउँपालिकाका आयोजना, उच्च आर्थिक प्रतिफल दिने, भौतिक तथा सामाजिक पूर्वाधारका र समावेशी विकासका लागि प्राथमिकता दिई बजेट विनियोजन गरिनेछ । विकास आयोजना र कार्यक्रमलाई नतिजासँग आबद्ध गरी वित्तिय अनुशासन कायम गर्ने, सार्वजनिक खर्च प्रणालीलाई व्यवस्थित गर्ने नीति लिइनेछ ।

११३. गाउँबासीलाई बैंकमा खाता खोल्न प्रोत्साहित गरिनेछ । सहकारी, निजी र संगठित क्षेत्रबाट हुने सबै प्रकारका भुक्तानी क्रमशः बैंक खाताबाट मात्र हुने नीति ल्याइनेछ ।

## जनताको सेवाको लागि सूशासन

११४. गाउँपालिकामा संस्थागत संयन्त्रको स्थापना गरी सार्वजनिक सेवालाई पारदशी, जवाफदेही, उत्तरदायी र नागरिक मैत्री बनाइनेछ । गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाको गुणस्तर सुनिश्चित गरिनेछ । सुशासनका लागि सार्वजनिक सेवा प्रवाहलाई सरलीकृत गरिनेछ । साथै गाउँ कार्यपालिकाको कार्यालयमा नागरिक सहयोग कक्ष सञ्चालन गरिनेछ ।

११५. नीति निर्माण, सेवा प्रवाह र विकास आयोजना कार्यान्वयन गर्ने निकाय र जनशक्तिको व्यवस्थापकीय र प्राविधिक क्षमता अभिवृद्धि गरिनेछ ।

११६. भ्रष्टाचार जन्य क्रियाकलापमा शुन्य सहनशीलताको अवधारणाका माध्यमबाट सुशासनमा टेवा पुऱ्याइनेछ । सदाचार प्रबर्द्धन हुने गरी सार्वजनिक पदाधिकारीलाई

जिम्मेवार बनाइनेछ । सरकारी सेवालाई नागरिकको अपेक्षा अनुरुप कार्य गर्न विद्युतीय सुशासनमा जोड दिइनेछ ।

११७. संघ र प्रदेशको सहकार्यबाट संविधानको एकल र साझा अधिकारसूचीको कानून तर्जुमा गरिनेछ ।

११८. गाउँको सुरक्षा व्यवस्थालाई सुदृढ र प्रभावकारी बनाइनेछ । गाउँ प्रहरीको गठन, आवश्यक पूर्वाधार निर्माण, आधुनिकीकरण र व्यावसायीकरण गरी अपराध नियन्त्रण गरिनेछ ।

११९. गाउँपालिकामा विपद् व्यवस्थापन कोष खडा भई संचालनमा आइसकेको छ । विपदको बेला खोज, उद्धार, राहत र पुनर्लाभ गर्न ठूलो रकमको आवश्यकता पर्ने हुँदा यस कोषमा योगदान गर्न नागरिक, गैर आवासीय नेपाली र निजी क्षेत्रलाई आव्हान गरिनेछ । विपद् व्यवस्थापन कोषमा जम्मा भएको रकम विपद पछिको खोज, उद्धार, राहत र पुनर्लाभमा मात्र खर्च गरिनेछ ।

१२०. विपदका दृष्टिले जोखिम क्षेत्रको पहिचान गरी वैज्ञानिक नक्शांकन गरिनेछ । सुरक्षित स्थानहरुको पहिचान गरी खुला क्षेत्र घोषणा गरिनेछ ।

१२१. गाउँपालिका कार्यालयको लागि आवश्यक पर्ने जनशक्तिको संगठन संरचनाको आवश्यकता अनुसार दरबन्दीहरुको व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।

१२२. गाउँपालिकाका सबै जनप्रतिनिधि र कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्न गाउँपालिकाको तालिम नीति र तालिमको आवश्यकता पहिचान गरी क्षमता विकासका लागि तालिम संचालन गरिनेछ ।

१२३. गाउँपालिकाको तथ्यांक तथा सूचना संकलन, भण्डारण, विश्लेषण तथा सम्प्रेषणलाई अद्यावधिक गरी वस्तुगत बनाइने नीति लिइनेछ ।

१२४. नागरिकको गुनासो सुनुवाई र सम्बोधन गर्ने कार्यक्रम संचालन गरिनेछ ।

१२५. गाउँपालिका भित्रका विकास योजना, नीति, कार्यक्रम, आयोजना तथा सेवाप्रवाहको कार्यान्वयन पक्षलाई प्रभावकारी, नतिजामुखी, गुणस्तरीय, जवाफदेही पूर्ण बनाउन अनुगमन र मूल्यांकन प्रणालीको विकास गरिनेछ ।

**गाउँ सभाका सदस्यज्यूहरु**

१२६. संघीय लोकतान्त्रिक गणतन्त्रले राष्ट्रका साझा लक्ष्य र उद्देश्य प्राप्तिका लागि सहकार्य र समन्वयको अपेक्षा गर्दछ । यसले स्वतन्त्रता, कार्यक्षमता अभिवृद्धि गर्न, विविधता सहितको बहुलता र प्रतिस्पर्धालाई स्वीकार गर्दछ । संघीयताले शान्ति र सुरक्षा कायम गर्न साझा मूल्य र मान्यता स्थापित गर्न प्रोत्साहित गर्दछ । गरिबी न्यूनीकरण, भोकमरीको अन्त्य, रोजगारीको सिर्जना, आर्थिक समुन्नति र समृद्धिका लागि पनि शान्ति र स्थीरता आवश्यक पर्दछ । यी हाम्रा साझा लक्ष्य साझा दायित्व र साझा चुनौतीको सामना गर्न संघीय र प्रदेश सरकारको समन्वय र अभिभावकत्वमा मात्र पूरा गर्न सकिन्छ । राष्ट्रिय कार्यभार र लक्ष्य हासिल गर्नमा गाउँपालिकाको महत्वपूर्ण र सार्थक भूमिका रहनेछ ।

१२७. नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन समन्यायिक र समतामूलक समाजको निर्माण गर्नका लागि संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढिकरण गर्न जरुरी छ । सुशासन र विकासका लागि जवाफदेही सरकारका माध्यमबाट आम नागरिकको विश्वास र भरोसा जित्न सकिन्छ । मोदी गाउँपालिकाले जनताका वास्तविक समस्याहरुलाई सम्बोधन गर्दै जनप्रिय काम गरेर लोकप्रिय हुन चाहन्छ ।

१२८. नेपाली जनताको त्याग, संघर्ष र बलिदानीबाट प्राप्त भएको वर्तमान राजनैतिक उपलब्धिको संरक्षण र संस्थागत गर्ने जिम्मेवारी सबै नागरिक र स्थानीय तह, प्रदेश र संघीय सरकारको काँधमा आएको छ । यो उपलब्धिलाई गाउँपालिकाबाट जनताले अनुभूति गर्ने गरी उन्नत र नागरिकमैत्री बनाउँदै समृद्ध गाउँपालिका निर्माणका सहभागी हुन जनप्रतिनिधि, राजनैतिक दल, निजी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, सञ्चार जगत एवं सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक अनुरोध गर्दछु । सभामा यहाँहरुको सक्रिय रचनात्मक सहयोग गर्ने सबै पक्ष प्रति हार्दिक धन्यबाद समेत प्रकट गर्दछु ।

**धन्यवाद ।**

प्रेम शर्मा पौडेल
अध्यक्ष
मोदी गाउँपालिका
पर्वत

मितिः २०७५।३।२२